# कृषि ब्यवसायका लागि कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

प्रस्तावनाः प्रदेश सरकार, प्रदेश नं ५, नीति तथा कार्यक्रमको बुँदा नं. ५, ५०, ५२, ५३ र ६४ लाई सम्बोधन गर्न तथा कृषि ब्यवसायीकरणमा बाधा पुगेका तत्काल सम्बोधन गर्नुपर्ने अवस्थामा रहेका, उत्पादन तथा सानातिना निर्माण कार्यहरु गर्ने र अन्य कार्यक्रमबाट सम्बोधन हुन नसकेका र छोटो प्रक्रियाबाट सम्बोधन गर्नुपर्ने कृषि उत्पादन, निर्माण, सिचाई, प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरुमा कृषकलाई व्यवसायिकरण,आधुनिकरण र बजारीकरण तर्फ उन्मुख गराउन छिटो छरितो र प्रभावकारी रुपमा अनुदान सहयोग गर्ने उद्देश्यले प्रदेश सरकार, प्रदेश नं ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "कृषि ब्यवसायका लागि कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "कृषि ब्यवसायका लागी कृषि मन्त्री कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "कृषक" भन्नाले प्रदेश भित्र कुनै एक निश्चित ठाउँमा फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा जस्ता कृषि उपज उत्पादन गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) अनुदान ग्राही भन्नाले प्रदेश भित्र कुनै एक निश्चित ठाउँमा कृषि व्यवसाय गरि अनुदान माँग गर्ने व्यक्ति सम्झनुपर्छ।

(ग) "सम्झौता" भन्नाले मन्त्रालय वा मातहतका निकाय र अनुदानग्राही वीच कार्यक्रम वीच कार्यक्रम सञ्चालन सम्बन्धमा गरिएको सम्झौता पत्र सम्झनुपर्छ।

(घ) "छनौट समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेश नं ५ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(च) "कार्यालय" भन्नाले मन्त्रालय वा निर्देशनालयले तोकेको निकाय सम्झनुपर्छ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालनसम्बन्धी

३. कार्यक्रम सञ्चालन हुने क्षेत्र तथा अनुदानग्राही कृषक छनौटका आधारहरुः (१) कार्यक्रम सञ्चालन हुने क्षेत्र छनौटका आधारहरु देहायबमोजिम हुनेछन् ।

(क) प्रदेशभित्रमा कृषि उपज उत्पादन र बजारीकरणका महत्वपूर्ण क्षेत्रहरु।

(ख) कृषि उत्पादनमा टेवा पुऱ्याउने साना निर्माण. मेशिनरी उपकरण तथा औजार सामाग्रीहरु ।

(ग) कृषि उपजहरुको साना प्रशोधन प्याकेजिङ्ग तथा अन्य बजारिकरणका कार्यहरु।

४. कार्यक्रम कार्यान्वयनः यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम सञ्चालन मन्त्रालयले तोकेबमोजिम हुनेछ।

(ख) यस कार्यक्रमका लागि लक्षित वर्गहरुले वर्षैभरी नै निवेदन दिन सक्नेछन्।

(ग) कृषि व्यवसाय सञ्चालनका लागि कृषक स्वयमले आफूलाई तत्काल वाधा परेको जनाई उपयुक्त बस्तु वा सेवा को प्रस्तावित लागत रकम सहित माग गरिएको आवेदन पत्र।

(घ) यसरी पेश हुन आएका आवेदनहरु अनुदान व्यवस्थापन समितिले औचित्य हेरी स्वीकृती गर्ने छ ।

(ङ) यसरी स्वीकृत भएका आवेदकहरुसँग सम्झौता तथा कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले स्वयम् वा मातहतका कार्यालयलाई परिचालन गर्न सक्नेछ।

५. समितिसम्बन्धी व्यवस्थाः (१) यस निर्देशिका बमोजिम कार्यक्रम सञ्चालनको लागि प्राप्त निवेदन \प्रस्तावहरुको स्वीकृत गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको एक अनुदान व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) सचिव भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | संयोजक |
| (ख) प्रमुख प्रशासन तथा सहकारी महाशाखा | सदस्य |
| (ग) प्रमुख पशुपन्छी विकास महाशाखा | सदस्य |

(घ) प्रमुख खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा सदस्य

(ङ) प्रमुख योजना तथा अनुगमन महाशाखा सदस्य
(च) प्रमुख खाद्य सुरक्षा प्रवर्द्धन शाखा सदस्य
(छ) प्रमुख अनुगमन तथा मूल्याङ्कन शाखा सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) प्रस्ताव मूल्याङ्कनका आधार र मापदण्ड निर्धारण गर्ने।

(ख) प्राप्त निबेदन /प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी स्वीकृत गर्ने

(ग) अनुदान रकमको सिमा तोक्ने ।

## परिच्छेद-३
## <u>अनुदान व्यवस्था तथा प्रवाह विधिः</u>

६. <u>अनुदान व्यवस्थाः</u> (१) यस कार्यक्रमबाट कृषि ब्यवसायीकरणमा बाधा पुगेका र तत्काल सम्बोधन गर्नुपर्ने खालका उत्पादन तथा सानातिना निर्माण कार्यहरु गर्ने र अन्य कार्यक्रमबाट सम्बोधन हुन नसकेका र छोटो प्रक्रियाबाट सम्बोधन गर्नुपर्ने कृषि उत्पादन, निर्माण, प्रशोधन तथा बजारीकरणका कार्यक्रमहरुमा सहयोग गरिनेछ।माग गरिएको कार्यक्रममा देहाय बमोजिम तोकिएको मापदण्ड बमोजिम कार्य गर्न सकिनेछः

(क) कार्यक्रमले सम्बोधन गर्ने क्षेत्रहरु कृषि तथा पशुपन्क्षी उत्पादन, प्रशोधन तथा बजारिकरण हुनेछ।

(ख) प्रदेशका १२ वटै जिल्लाहरुमा लागू हुने।

(ग) निजी फर्म\ कृषकको हकमा अधिकतम ५०,०००/- सम्म वा ८५ प्रतिशत अनुदान।

(घ) कृषक समुह\ सहकारीको अधिकतम १०००००/- सम्म वा ८५ प्रतिशत अनुदान।

९. <u>अनुदान प्रवाह विधि :</u> (१) अनुदान प्रवाह विधि देहायबमोजिम हुने छ ।

(क) स्वीकृत आवेदकहरुलाई सम्झौता गरी नियमानुसार कार्यदिश दिईनेछ तथा कार्यसम्पादन पश्चात कार्य सम्पन्न प्रतिवेदन, कृषकले पेश गरेको विवरण, मूल्याङ्कनमा संलग्न कागजातहरु तथा मन्त्रालय वा मातहतका कार्यालयद्वारा गरिएको अनुगमन प्रतिवेदनका आधारमा हुन आउने अनुदान रकम बैंक खातामा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट भुक्तानी दिइने छ ।

(ख) कृषक वा कृषक समूहले माग गरेका औजार यन्त्र लगाएत सामाग्रीहरु सम्झौता बमोजिम आवेदकले सोझै खरिद गर्न सक्नेछन्।

(ग) यसरी उपलब्ध हुने सामाग्री वा भुक्तानि गरिने अनुदानको रकम सम्झौतामा उल्लेखित अनुदान रकम भन्दा बढी हुने छैन।

(घ) भुक्तानी गर्दा प्रचलित कानूनबमोजिम अग्रीम आयकर तथा कन्टिन्जेन्सी बापतको रकम कट्टा गरिनेछ।

१०. <u>कार्यान्वयन प्रक्रियाः</u> (१) कार्यक्रम कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ।

(क) छनौट भएका निबेदन\प्रस्तावअनुसार निर्माण गरिने पूर्वाधारको नक्सा, लागत इस्टिमेट तयार गरी सोहीअनुसार गर्नु गराउनु पर्नेछ।

(ख) कृषि अनुदानका लागि सम्पूर्ण भौतिक पूर्वाधार निर्माणको कार्य तोकिएको आ.व.भित्र सम्पन्न गरिसक्नु पर्नेछ।

## परिच्छेद ३

## <u>विविध</u>

११. **<u>कार्यक्रम अनुगमन</u>** : आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, सम्बन्धित स्थानिय तह तथा सम्वन्धित कृषि ज्ञान केन्द्र र समितिबाट कार्यक्रमको अनुगमन हुनेछ।

१२. **<u>कारवाहीको व्यवस्था</u>** : सम्झौता अनुसार कार्य नगर्ने तथा अनुदान रकमको दुरुपयोग गर्ने अनुदान ग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१३.**<u>बाधा अड्चन, निरुपण, खारेजी र संसोधन</u>** : (१) यस कार्यविधि कार्यान्वयनमा बाधा, द्विविधा वा विवाद भएमा सो को निरुपण समितिले गर्नेछ ।

(२) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संसोधन तथा खारेज गर्न सक्नेछ ।

## अनुसूची १
## सम्झौता पत्रको ढाँचा

प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,( यसपछि प्रथम पक्ष भनिने) र अनुदान ग्राही.............................,(यसपछि दोस्रो पक्ष भनिने) बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं।

१. कृषि व्यवसायका लागि कृषिमन्त्री कार्यक्रम सञ्चालन निर्देशिका २०७५ अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुने छ।

२. प्रथम पक्षले .......................निर्माण\ साना मेशिनरी औजार खरिदका लागि विनियोजित रु...................मध्ये दोश्रो पक्षलाई रु.............. (अक्षरुपी..............) बराबरको आर्थिक अनुदान रकम /सामग्री सहयोग प्रदान गर्नेछ ।

३. दोश्रोपक्षले बाँकी रकम वा सामाग्रीको व्यवस्था गरी ..................जिल्ला ................ गा.पा/न.पा/उ.म.न.पा ........ नं. वडाको .................. भन्ने स्थानमा यसै आर्थिक बर्षको अन्त्य सम्ममा .........तोकिएको कार्य सम्पन्न गर्नेछ ।

४. प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाईन र स्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नेछ ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रोपक्षको बैङ्कखातामा एकमुष्ठ भुक्तानी दिनेछ ।

६. यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भएता पनि कृषकले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा कृषि व्यवसायको सञ्चालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले सम्झौता भङ्ग गर्न सक्ने र कृषक\अनुदानग्राहीलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाले प्रयोगको व्यवस्था मिलाउन सक्ने छ ।

७. हस्ताक्षर कर्ताः

| | |
|---|---|
| हस्ताक्षरः– ..................... | हस्ताक्षरः......................... |
| अनुदानग्राहीको नामः– .......................... | नामः– ............................. |
| ठेगाना : …………………….. | मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयको तर्फबाट |

सम्झौता सम्पन्न मिति २०७५/ / /रोज शुभम्।

**नोटः द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ**

## अनुसूची ३

## कृषि ब्यवसायका लागी कृषि मन्त्री कार्यक्रमको अनुदानका लागि दिने आवेदनको ढाँचा

श्रीमान् सचिव ज्यू
मितिः....................
मार्फत.............भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश न ५ बुटवल ।

विषयः अनुदान स्वरुप ............................. उपलब्ध गराई दिनु हुन।

प्रस्तुत विषयमा मैले/हामीहरुले सञ्चालन गरिरहेको कृषि व्यवसायमा ...................... को अति आवश्यक परेकोले उक्त ...........................का लागि अनुदान रकम उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछु\ गर्दछौ ।

निबेदन साथ संलग्न कागजातरुः
१.नागरिकताको प्रतिलिपी( व्यक्तिको हकमा)
२ फर्म\समुह\सहकारी को दर्ता प्रमाण पत्रहरुको प्रतिलिपी
३ जग्गाधनी पुर्जाको प्रतिलिपि
४कार्य योजना (प्रस्तावना भरिएको फाराम)

<u>निबेदक</u>
दस्तखत :
नाम :
ठेगाना :
सम्पर्क नं.:

## अनुसूची ४
## कृषि व्यवसायका लागि कृषि मन्त्री कार्यक्रमको
(प्रस्तावनाको ढाँचा)

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक कृषकको नामः | |
| ठेगानाः | |
| जिल्लाः | |
| स्थानीय तहको नामः | |
| वार्ड नं. | |
| गाउँ/टोलः | |
| हाल सञ्चालन गरिरहेको व्यवसायको विवरणः<br>संख्या/क्षेत्रफलः पशु/वालीः<br>उत्पादन अवस्था बजारिकरणः<br>बजारिकरणः<br>आम्दानी/ रोजगारीः | |
| कृषि व्यवसाय सञ्चालन गर्दा हाल आईपरेको समस्या के छ ? | |
| हाल तत्काल के गरे समस्या समाधान होला ? | |
| माँग गरिएको अनुदान विवरण | |

३. लागत विवरणः

| लागत सहभागिता विवरण | रकम रु.(अङ्क र अक्षरमा) | कैफियत |
|---|---|---|
| जम्मा लागत रु. | | |
| मन्त्रालय वा तोकेको कार्यालयले व्यहोर्ने रु. | | |
| कृषकले व्यहोर्ने रु. | | |
| अन्य साझेदार संस्था भए रु. | | |

**नोटः यो एउटा नमूना फाराम मात्र हो निर्दिष्ट गरेको बुँदामा रही विस्तृत प्रस्तावना पेश गर्नु पर्नेछ ।**

**दस्तखतः**

**निवेदकको नामः**